अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रुन्टीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८१/०९/२९

भाग-१

रुन्टीगढी गाउँपालिका

## कृषकसंग थ्रेसिङ कार्यक्रम संचालन निर्देशिका २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/२२

**प्रस्तावनाः**

रुन्टिगढी पहाडी हावापानी भएको कृषिको प्रचुर संभावनाले भरीपूर्ण भएको गाउँपालिका हो । यस गाउँपालिकामा धान, गंहु, मकै लगायतका खाद्यान बाली खेति गरिदै आएको छ। स्थानीय किसानहरुको खाद्यान उत्पादनमा लाग्ने लागत न्यूनीकरण गर्न, उत्पदनोप्रान्त क्षति घटाउन, तथा किसानहरुलाई यान्त्रीकरण सेवा प्रदान गरी आधुनिक प्रबिधि प्रदान गर्न सके उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्न सकिन्छ । आकर्षणको रुपमा रहेको कृषि क्षेत्रमा लागेका कृषकहरुको मनोबल बढाई कृषि उत्पादनमा बढावा दिन कृषक प्रोत्साहन कार्यक्रम अन्तरगत दिने कृषि अनुदान तथा

यान्त्रीकरण सेवालाई व्यवस्थित, प्रभावकारी र न्यायोचित रुपमा वितरण गर्न बाञ्छनिय भएकोले रुन्टिगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रुन्टिगढी गाउँकार्यपालिकाले यो आन्तरिक निर्देशिका स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१ . यो निर्देशिकाको नाम कृषकसंग थ्रेसिङ कार्यक्रम संचालन निर्दिशका, २०८१ हुनेछ।

२. यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

## परिच्छेद -२

## परिभाषा

२ **परिभाषा :** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. कार्यालय "भन्नाले रुन्टिगढी गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्छ र यस शब्दले वडा कार्यालयहरुलाई समेत बुझाउनेछ ।

ख. शाखा वा इकाई"भन्नाले रुन्टिगढी गाउँकार्यपालिकाको कार्यालय अन्तरगतको कृषि शाखा वा इकाईलाई सम्झनुपर्छ ।

ग. प्राविधिक समिति "भन्नाले यस निर्देशिका बमोजिम गठन हुने प्राविधिक समिति सम्झनुपर्छ ।

घ. अनुगमन समिति "भन्नाले यस निर्देशिका बमोजिम गठन हुने अनुगमन समिति सम्झनुपर्छ ।

ङ. किसान वा कृषक भन्नाले रुटिगढी गाँउपालिका क्षेत्र भित्रका कृषक वा कृषि पेशा संग सम्बन्धित काम गर्ने कृषक समुह सहकारी समीती समेतलाई सम्झनु पर्छ ।

च .गाउँपालिका भन्नाले रुन्टिगढी गाउँपालिका लाई सम्झनु पर्छ ।

छ . व्यवशायी भन्नाले थ्रेसर सेवा प्रदायक वा थ्रेसर व्यवशायी तथा संचालकलाई सम्झनु पर्छ ।

ज. वडा भन्नाले रुन्टिगढी गाउँपालिका भित्रका वडाहरु सम्झिनु पर्छ ।

# परिच्छेद -३

## प्राविधिक समितिको गठन तथा काम,कर्तव्य र अधिकार

**३. प्राबिधिक समिति गठनः** १. रुन्टिगढी गाउँ पालिका बाट प्रदान गरिने कृषकसंग थ्रेसर अन्तर्गत निशुल्क थ्रेसिङ सेवा प्राप्त गर्ने लाभग्राहि कृषक / कृषि समुह/ फार्म र सेवा प्रदायक थ्रेसर ब्यवशायी छनोट सम्बन्धी कार्य गर्नको लागि देहायको प्राविधिक समिति रहने छ ।

क.. गाउँपालिका अध्यक्ष संयोजक

ख. प्रमुख प्रशासकिय अधिकृत सदस्य

ग. लेखा शाखा प्रमुख सदस्य

घ. आर्थिक विकास समिति संयोजक सदस्य

ङ. पशु सेवा शाखा सदस्य

च. कृषि बिकास शाखा प्रमुख सदस्य सचिव

छ. समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका संघ संस्थाका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

२. काम, कर्तव्य र अधिकारहरु :

(क) कृषिमा निशुल्क यान्त्रीकरण सेवा सम्बन्धी नीति योजना तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) लाभग्राही कृषकहरु छनौट गर्नको लागि मापदण्ड बनाउने ।

(ग)मापदण्ड बमोजिम छनौट भएका कृषकहरुलाई कार्यालयमा सिफारिस गर्ने ।

(घ) निशुल्क थ्रेसिङ सेवा प्रदान गर्न तयार गरीएको लागत अनुमान स्वीकृत गर्ने ।

ङ) गाउँपालिकाभित्रका किसान हरुलाई थ्रेसिङसेवा प्रदान गर्ने व्यावसायि तथा उपकरण धनि संग सहजीकरण गर्ने

च) थ्रेसर व्यवसायी सँगको समन्वयमा थ्रेसिङको भाडा दर निर्धारण गर्ने

छ. लाभग्राहि कृषक छनौट गर्ने

ज. थ्रेसिङ सेवा प्रदायक छनौट तथा परिचालन गर्ने

## परिच्छेद ४

## थ्रेसिङ सेवा प्राप्त गर्ने कृषक, कृषक समुह छनोटका आधारहरु

**४. निशुल्क थ्रेसिङ सेवा प्राप्त गर्न देहाय बमोजिमका आधारहरुः** १. निशुल्क थ्रेसिङ सेवा प्राप्त गर्न देहाय बमोजिमका आधारहरु  रहने छन  ।

क. कम्तिमा पाँच रोपनी जमिनमा खेति गरेको हुनु पर्ने छ।

ख. खलियान सम्बन्धी अन्य कार्य जस्तै धान गहु  थ्रेसरमा राख्ने लोड अनलोड सम्बन्धी कार्य कृषक स्वयमले गर्नु गर्ने

ग. सिफारिस गरिएका जातहरु आवश्यक बाली प्रबन्ध अवलम्बन गरि खेति गरिएको हुनु पर्ने

## परिच्छेद ५

## थ्रेसिङ सेवा प्रदायक थ्रेसर व्यवसायी छनौटका आधारहरु

**५. सेवा प्रदायक छनौटः** १ कृषक संग थ्रेसिङ सेवा अन्तर्गत रुन्टिगढी गाउँपालिका भित्र थ्रेसिङ सेवा प्रदान गर्ने प्रयोजनका लागि थ्रेसर व्यवसायि छनौटको सन्र्दभमा देहायका आधारहरु रहेका छन् ।

क. आफ्नै स्वामित्त्वमा अथवा भडामा ट्याक्टर सहितको थ्रेसर हुनु पर्ने

ख. मेसिनरि वा ट्याक्टर नविकरण गरेको हुनुपर्ने

ग. कर चुक्ता गरेको हुनुपर्ने

घ. स्थानिय तहले तोकेको भाडादर वा सो भन्दा बढी नहुने गरि कार्य गर्न राजी हुनुपर्ने

## परिच्छेद ६

## अनुगमन समितिको कम कर्तव्य र अधिकार

**६. समितिको गठन** १. थ्रेसिङ सेवा संचालन भएको सम्बन्धमा यकिन तथ्यांक तथा जानकारी लिईभुक्तानी प्रक्रिया लाई बस्तुनिष्ठ तथा पारदर्शी बनाउन एक वडा स्तरीय अनुगमन समिति रहने छ

| | |
|---|---|
| क. सम्बन्धित वडा को वडाध्यक्ष/ वडा सदस्य | संयोजक |
| ख. पशु सेवा प्राविधिक | सदस्य |
| ग. वडा स्तरीय कृषि सञ्जाल अध्यक्ष वा सदस्य | सदस्य |
| ग. कृषि प्राविधिक | सदस्य सचिव |

२. समितिको काम कर्तव्य र अधिकारहरु

क. अनुगमनका सम्बन्धमा आवश्यक नीति योजना बनाई स्वीकृत गर्ने

ख. थ्रेसिङ सेवा संचालन भएको कृषकको खेत तथा खलियानको अनुगमन गर्ने

ग. थ्रेसिङ सेवा प्रदायक र कृषक विच समन्वय गर्ने

घ. थ्रेसिङ समय तथा अन्य आवश्यक विवरण संकलन गर्ने

ङ. अनुगमन रिपोर्ट तयार गरि पेश गर्ने

च. कृषक संग थ्रेसिङ सेवा सम्बन्धमा आवश्यक सल्लाह शुझाव पेश गर्ने

छ. गाउँपालिका कृषि विकास शाखा संग समन्वय गर्ने

ज. अनुगमनको क्रममा देखिएका विभिन्न अवस्थाको सम्बन्धमा सुधारको लागि सुझाव दिने ।

## परिच्छेद ७

## थ्रेसिर व्यवसायी छनौट प्रकृया

**७. निशुल्क थ्रेसिङ सेवाको लागि थ्रेसर व्यवसायी छनौट प्रकृया** :(१) निशुल्क थ्रेसिङ सेवाको लागि थ्रेसर व्यवसायि छनौट तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजम हुनेछ ।

## परिच्छेद ८

## थ्रेसिङ सेवा उपलब्धता र भुक्तानी प्रकृया

**८. निशुल्क थ्रेसिङ सेवा वाफतको रकम पाउन पुरा गर्नुपर्ने प्रकृया** :(१) समितिलेअनुदान पाउने कृषकहरुको आवश्यकता पहिचान सहितको कार्य गरी सिफारिस सम्म गर्नको देहायको प्रकृया पुरा गर्नुपर्नेछ ।

(क) समितिको निर्णय पश्चात कार्यालयबाट प्रथम पटकको लागि १५ दिनको सूचना प्रकाशित गर्नुपर्ने छ । प्रथम पटक प्रयाप्त मात्रामा निवेदन नपरेमा दोस्रो पटक १५ वा ७ दिनको (अवस्था हेरेर) सूचना प्रकाशित गर्ने ।सूचना प्रकाशित गर्दा कार्यालयको वेवसाइट, विभिन्न पेस, सूचना पार्टि तथा आवश्यकता अनुसार रेडियोहरुमा समेत प्रशारण गर्नुपर्ने छ ।

(ख)सूचना प्रकाशन गर्दा बालि भित्र्याउने समय भन्दा एक महिना पहिले गरी सक्नुपर्नेछ ।

(ग) प्राप्त भएका निवेदनको आधारमा शाखाबाट लागत अनुमान तयारीको कार्य अगाडि बढाई स्वीकृत गराउनु पर्नेछ ।

(घ) समितिले तोकिएको मापदण्डको आधारमा कृषकहरुको छनौट गरी कार्यालयमा शिफारिस गर्नुपर्ने छ ।

(ङ) कृषक सिफारिस भई आएपछि ती कृषकहरुलाई सम्झौता गर्न आउन १ हप्ताको समय तोकि बोलाउनु पर्नेछ ।

(च) सम्झौता पश्चात सम्झौताको म्याद भित्र कृषकले सम्झौता अनुसारको कार्य संचालन गर्दा अनुगमनको लागि निवेदन पेश गर्नुपर्नेछ ।

(छ) अनुगमनको निवेदन पेश भए पछि अनुगमन समितिबाट अनुगमन गरी प्रतिवेदन पेश भएपछि सोही प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्नेछ ।

(ज) भुक्तानी माग्न आउदा फाइलमा कार्यक्रमसंग सम्बन्धित कृषक सहितको फोटो तथा विल विजक र वडा कार्यालयको सिफारिस समेत पेश गरेको हुनुपर्नेछ ।

(झ) माथि खण्ड (छ) बमोजिमको कार्य गर्दा तोकीएको शर्त,मापदण्ड,स्पेसिफिकेशन तथा लागत अनुमान अनुसार गर्नुपर्नेछ ।

(ञ) भुक्तानी दिदा सम्बन्धित कृषक समूह, संस्था, व्यक्ति वा थ्रेसर ब्यवशायीको बैक खातामा दिनुपर्नेछ ।

(ट) लेखिए देखि वाहेक अन्य वेग्लै प्रकृया अपनाउनु परेमा वा अपुग केही प्रकृया थप गर्नु परेमा समितिबाट आवश्यकताको आधारमा निर्णय गरी व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद –८

## विविध

**८. बाधा अडकाउ फुकाउने** : निर्देशिकाको कार्यान्वयनमा कुनै दुविधा वा कठिनाई परेमा कार्यपालिकाको निर्णयबाट सहजिकरण गरिनेछ ।

## अनुसूची १

## परिच्छेद ७ को दफा ७ को (क) अनुसार
## निशुल्क थ्रेसिङ सेवा प्राप्त गर्न कृषकले पेश गर्नु पर्ने निवेदनको ढाँचा

मितिः .......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
श्री रुन्टिगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा

विषयः निशुल्क थ्रेसिङ सेवा सम्बन्धमा ।

उपरोक्त विषय सम्बन्धमा रुन्टिगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति .........................................को किसान संग थ्रेसिङ / निशुल्क थ्रेसिङ सेवा कार्यक्रम अन्तर्गत ................. रोपनीमा रहेको..................बाली थ्रेसिङ सेवा को लागि यो निवेदन पेश गर्दछु ।

निवेदकको नामः .....................................
ठेगानाः ....................................................
फार्म/समुहको नामः .....................................
हस्ताक्षरः.....................................................
फार्म/समुहको छापः

## अनुसूची २

## परिच्छेद ७ को दफा ७ को (ङ) अनुसार
## किसान सँग थ्रेसिङ कार्यक्रमको सम्झौता पत्र

यस रुन्टिगढी गाउँपालिका यस पछि पहिलो पक्ष भनिने रुन्टिगढी गाउँपिलका वडा न. ..................को ..........................................................कृषक/ समुह/ फार्म यस पछि दोश्रो पक्ष भनिने बिच किसान सँग थ्रेसिङ / निशुल्क थ्रेसिङ सेवा कार्यक्रमको लागि तपशिलको सर्तको अधिनमा रही यो सम्झौता गरी दियौ/ लियौ ।

१. दोस्रो पक्षले सम्झौता भए लगत्तै काम सुरु गरि मिति ................................ भित्र कार्य सम्पन्न गरी सक्नुपर्ने छ।
२. कार्य प्रक्रियाः दोश्रो पक्षले थ्रेसिङ कार्य सुरु गर्नु पुर्ब वडाको कृषि प्राबिधिकलाइ जानकारी गराउनु पर्ने छ ।
३. दोश्रो पक्षले बाली खेति गरिएको बाली जमिनको क्षेत्रफल र थ्रेसिङ समयावधि / कार्य समय घण्टा / मिनेट अनुगमन समितिबाट प्रमाणित गराउनु पर्ने छ ।
४. भुक्तानी प्रक्रियाः दोश्रो पक्षले कार्य सम्पन्न भइ खेति गरिएको बाली जमिनको क्षेत्रफल र थ्रेसिङ समयावधि / कार्य समय घण्टा / मिनेट सहितको विवरण सहितको अनुगमन प्रतिबेदन पेश गरे पश्चात मात्र कुल लागत रकमको नियमानुसार कर कट्टी गरी हुन आउने रकम कार्यालय बाट सोझै थ्रेसर ब्यवशायी वा कृषकको नाममा भुक्तानी हुने छ । भुक्तानीको लागि सम्बन्धित थ्रेसर ब्ययशायी वा कृषकको चेकको प्रतिलिपि पेश गर्नु पर्ने छ ।
५. दोश्रो पक्षले भुक्तानीको लागि माग गर्दा आफु सहितको थ्रेसिङ गर्दै गरेको रंगिन फोटो तथा अनुगमन प्रतिबेदन समेत संलग्न राखु पर्ने छ ।
६. थ्रेसिङ कार्य गर्दा कुनै अनपेक्षित घटना घटेमा दोश्रो पक्ष स्वयं जिम्मेवार हुने छ ।
७. दोश्रो पक्षले झुठा विवरण पेश गरि अनुचित लाभ लिएको पाइएमा कार्यालयबाट प्रदान गरिने अन्य सेवा बाट बन्देज गरिने छ ।
८. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगानाः | पदः प्रमुख प्रशासकिय अधिकृत |
| छापः | कार्यालयको छापः |
| साक्षीः | साक्षीः |
| हस्ताक्षरः | नामः |
| नामः | पदः |
| पदः | मितिः |
| मितिः | |

## अनुसूची ३
## परिच्छेद ७ को दफा ७ को (छ) अनुसार
## अनुगमन प्रतिबेदन

रुन्टिगढी गाउँपालिका कृषि विकास शाखाको आ ब ........................को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको कृषक संग थ्रेसिङ कार्यक्रममा रुन्टिगढी गाउँपालिका वडा न. ............... टोल ..................................बस्ने श्री...................................................को खलियानमा

..................क्षेत्रफलमा रोपेको .......................बाली दाउने वा थ्रेसिङ गर्ने कार्य सम्पन्न गरियो । साथै उक्त कार्यको मिति .................................. गते अनुगमन समिति बाट अनुगमन गरियो।

अनुगमन समितिको विवरणः

| हस्ताक्षर | पद | नाम |
|---|---|---|
| | अनुगमन समिति संयोजक | |
| | सदस्य | |
| | सदस्य | |
| | सदस्य सचिव | |

अनुगमनको उदेश्यः

अनुगमन बाट देखिएका मुख्य मुख्य क्रियाकलापहरु

| बालीको नाम | बाली लगाएको क्षेत्रफल | थ्रेसिङ कार्य अवधि घण्टा मिनेट | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

सुझावहरुः

आज्ञाले,
धनि प्रसाद खड्का
प्रमुख प्रशासकीय अधिकृत